दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २९६ | बुटवल | २०८२ कात्तिक २० गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday November 06, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# संसद पुनर्स्थापना अत्यावश्यक : विष्णु पौडेल




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका हत्या र अराजकताका घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल कानुनी दायरामा ल्याउनुपर्ने बताएका छन् ।

उनले अन्तरिम सरकारले उक्त घटनाका दोषीहरूलाई पहिचान गरी निष्पक्ष छानबिन गर्न नसकेको आरोप लगाउँदै भने-"जबसम्म आन्दोलनका क्रममा हत्या, तोडफोड र राष्ट्रिय सम्पत्तिमाथि आक्रमण गर्नेहरूलाई कानुनको कठघरामा उभ्याउन सकिँदैन, तबसम्म नागरिकले शान्ति-सुरक्षाको अनुभूति गर्न सक्दैनन् ।"

प्रेस चौतारी नेपाल रुपन्देहीले बुधबार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै पौडेलले वर्तमान सरकार नागरिकलाई शान्ति र सुरक्षाको अनुभूति दिलाउन असफल भएको टिप्पणी गरे । उनका अनुसार अहिलेको राजनीतिक समस्याको दीर्घकालीन समाधान संसद पुनर्स्थापना र संविधान संशोधनमार्फत् ताजा जनादेशमा जानु नै हो ।

उनले भने-"संविधानको रक्षा गर्दै अघि बढ्नुपर्छ । देशलाई संवैधानिक मार्गबाट अगाडि बढाउन प्रतिनिधिसभा पुनर्स्थापना अनिवार्य छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्न एमाले दृढ प्रतिबद्ध छ ।"

एमालेले जनताको जनादेशको आधारमा राष्ट्रिय सेवा गर्न चाहेको र निर्वाचनमा जान तयार रहेको स्पष्ट पार्दै भने- "तर सरकारले सुरक्षा व्यवस्थापनदेखि प्राविधिक तयारीसम्म आवश्यक गृहकार्य गर्न सकेको छैन ।" उनका अनुसार संविधान एक गतिशील दस्ताबेज हो र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई मजबुत बनाउँदै त्यसमा भएका कमजोरीहरू संशोधन गर्न एमाले तयार छ ।

संविधानमा दलगत व्यवस्थाको प्रावधान रहेको उल्लेख गर्दै पौडेलले भने-"राजनीतिक पार्टीको विकल्प अर्को पार्टी र नेताको विकल्प अर्को नेता नै हो । नेताले गल्ती गरे जनताले खबरदारी गर्न सक्छन्, कानुनी कारबाहीको पनि व्यवस्था छ ।" उनका अनुसार लोकतन्त्रको विकल्प पनि "उन्नत लोकतन्त्र" नै हो र अहिलेको समस्या समाधानको बाटो पनि लोकतान्त्रिक प्रणालीभित्रै खोजिनुपर्छ ।

**११औँ महाधिवेशनमा सर्वसम्मत नेतृत्व चयन हुन्छ**

एमालेको आउँदो ११औं महाधिवेशन सम्बन्धमा उनले पार्टी सर्वसम्मत नेतृत्व चयनको दिशामा अग्रसर रहेको बताए । महाधिवेशनले सहमतिको वातावरणमा नेतृत्व चयन गर्ने पौडेलको भनाइ थियो ।

उनले भने -"एमाले सधैँ सिद्धान्त, सङ्गठन र राष्ट्रिय हितका आधारमा अघि बढ्ने दल हो । व्यक्तिगत स्वार्थका कारण होइन, विचार र मूल्यका कारण पार्टी बलियो बन्छ ।"

उपाध्यक्ष पौडेलले सरकारको असफलता, शान्ति-सुरक्षाको अवस्था, जेनजी आन्दोलनको छानबिन, र राजनीतिक स्थायित्वका लागि संसद पुनर्स्थापनाको आवश्यकतालगायत विषयमा धारणा राख्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र संवैधानिक बाटोमा अघि बढ्नुपर्नेमा विषयमा जोड दिएका थिए ।

**'विद्याको विषयमा पार्टी अध्यक्षले टुंगो लगाउनुहुन्छ'**

नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले पार्टी अध्यक्ष केपी शर्मा र पूर्वराष्ट्रपति विद्या भण्डारीको बिचमा कुनै विवाद नभएको बताएका छन् । पौडेलले भण्डारीको सदस्यता अध्यक्ष केपी ओलीले टुंगो लगाउने अपेक्षा गरेको बताए ।

'बाहिर केपी शर्मा र विद्या भण्डारीबिच ठूलो विवाद रहेको कुरा आइरहेको छ, त्यसमा कुनै सत्यता छैन, उहाँहरू लामो समयको राजनीतिक सहयात्री हुनुहुन्छ, उहाँहरुबिचमा सहमतिमै टुंगो लाग्छ समस्या हुँदैन ।'-उनले भने ।

यो विषयलाई ओली र विद्या भण्डारीका बीचको मनमुटाव भनेर चित्रण गरिएको भन्दै यसलाई उनले खारेज गरे । पौडेलले भने-'म तपाईंलाई स्पष्टसँग भन्न चाहन्छु केपी शर्मा ओली र विद्या भण्डारीका बिचमा कुनै पनि प्रकारको मनमुटाव छ भन्ने अनुमान सम्पूर्णरूपमा असत्य हो । म दुवै नेताहरूलाई बडो नजिकबाट चिन्दछु । उहाँहरूको आपसी सम्बन्ध, उहाँहरूको बिचको सहकार्यलाई पनि मैले राम्रोसँग जान्दछु । त्यसकारणले उहाँ दुईजनाका बिचमा मनमुटाव छ, दूरी छ, कटुता छ भन्ने ढङ्गले जुन चर्चा हुने गर्छ, त्यो दूरी, कटुता, मनमुटाव केही पनि छैन ।'

पूर्वराष्ट्रपति राजनीतिमा आउनुहुन्छ कि हुन्न भन्ने कुनै सैद्धान्तिक प्रश्न नभएको भन्दै राजनीतिमा आउन मिल्दै मिल्दैन भन्ने ढङ्गले सैद्धान्तिक रूपमा प्रस्तुत गर्नुपर्ने विषय पनि नभएको उनको भनाइ छ ।

पौडेलले थपे- 'त्यो पनि म तपाईंहरूलाई स्पष्ट गर्न चाहन्छु । त्यस विषयमा नेकपा एमालेमा कुनै विचारमा, विश्लेषणमा द्विविधा पनि छैन । अब रह्यो सवाल पूर्व राष्ट्रपति राजनीतिमा आउने कि नआउने ? कहिले आउने ? कसरी आउने ? के भूमिकामा आउने ? भन्ने विषय चाहिँ पूर्व राष्ट्रपति र पार्टीको नेतृत्वसँगको बिचको आपसी छलफलको विषय हो । हामी छलफलमै छौं । यो छलफल कहिले टुङ्गिएला, कसरी टुङ्गिएला अध्यक्षलाई हामीले तपाईंले जे गरेर टुङ्ग्याउनु हुन्छ, टुङ्ग्याउनु होला भनेका छौं ।'

महाधिवेशनमा उहाँ भित्र पस्न पाउनुहुन्छ ? भन्ने पत्रकारको जिज्ञासामा उनले भने-'पाउनुहुन्छ, पाउनुहुन्न त्यो अलग कुरा भयो । म यहाँलाई यति भन्न चाहन्छु, यो विषयको निरुपण उचित समयमा उचित ढङ्गले हुन्छ ।'

# माओवादी र समाजवादीसहित दश वाम शक्तिबिच एकता



बुटवल । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)सहित विभिन्न दश वामपन्थी पार्टीबिच एकता घोषणा भएको छ ।

भृकुटीमण्डपमा बुधबार आयोजित विशेष समारोहमा माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी)लगायत वाम पार्टीबिच एकता घोषणा गरिएको हो ।

एकता घोषणापछि एकीकृत पार्टीको नाम 'नेपाली कम्युनिस्ट पार्टी' राखिएको छ । एकता घोषणासभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता बामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव, नेपाल कम्युनिस्ट पार्टीका महासचिव चिरन पुनलगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी भएका थिए ।

एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको छ । सो अवसरमा उक्त पार्टीको चुनाव चिह्न 'पाँचकुने तारा' सार्वजनिक गरिएको हो ।

त्यस अवसरमा एकीकृत समाजवादीका वरिष्ठ नेता एवं एकता संयोजन समिति सदस्य प्रमेश हमालले सुशासन, सामाजिक न्याय र आर्थिक रुपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न वृहत् कम्युनिस्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएकाले विभिन्न वाम घटकबिच एकता भएको बताए । उनकाअनुसार पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक आर्थिक समृद्धि र रूपान्तरण गर्दै समाजवादको आधार तयार गर्ने पार्टीको तत्कालीन कार्यनीति रहेको छ ।

एकीकृत पार्टीबिच आगामी छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने सहमति भएको छ । एकता प्रक्रियामा सहभागी भएका पार्टीका साविकका केन्द्रीय समितिलाई समायोजन गर्दै आपसी सहमतिको आधारमा केन्द्रीय समिति गठन गरिनेछ ।

केन्द्रीय समितिमा संयोजक र सह-संयोजक पद रहने छ । प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरूमा पनि संयोजक र सहसंयोजकको व्यवस्था हुनेछ ।

एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, आयोजना, सङ्गठनात्मक संरचनाको गठन सबै आपसी सहमति र समझदारीमा गरिने नौ दलबिच सहमति भएको छ । पार्टी समितिहरूको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप हुने उल्लेख छ ।

# दशौं राष्ट्रिय खेलकुद फागुन पहिलो साता

बुटवल । दशौँ राष्ट्रिय खेलकुद यसै वर्ष फागुनमा हुने भएको छ । राष्ट्रिय खेलकुद परिषद् राखेपको बुधबार बसेको १२३औं बोर्ड बैठकले प्रतियोगिता फागुन १ देखि ७ सम्म गर्ने निर्णय गरेको राखेपका एक सदस्यले जानकारी दिएका हुन् ।

गत वर्ष मंसिरमा हुनुपर्ने राष्ट्रिय खेलकुदको मिति तीनपटकसम्म सारिँदै स्थगित भएको थियो जसका कारण गत आर्थिक वर्षमा प्रतियोगितन नहुने निश्चित भएको थियो । नयाँ खेलकुदमन्त्री बब्लु गुप्ता नियुक्त भएपछि बसेको पहिलो बैठकबाट राष्ट्रिय खेलकुदको मिति तोकिएको हो ।

२०७९ सालमा गण्डकी प्रदेशमा भएको नवौँ राष्ट्रिय खेलकुदको समापन अवसर दुई वर्षपछि २०८१ मंसिरमा दशौँ कर्णाली प्रदेशमा गर्ने गरी झण्डा हस्तान्तरण गरिएको थियो । तर भौतिक पूर्वाधार र विभिन्न कारण देखाउँदै निर्धारित समयमा दशौं हुन सकेन र पहिलो पटक मिति सारेर २०८१ चैतमा गर्ने निर्णय गरिएको थियो ।

आर्थिक कारण देखाउँदै चैतमा पनि गर्न नसकिने भन्दै दोस्रोपटक मिति सारेर २०८२ जेठमा पुऱ्याइएको थियो । त्यसपछि अनिश्चितकालका लागि स्थगित भएको थियो । यस्तै बोर्ड बैठकले नेपालका लागि पहिलो अन्तर्राष्ट्रिय पदक विजेता खेलाडी जितबहादुर केसीलाई २५ लाख रुपैयाँ पुरस्कार दिन मन्त्रिपरिषद्‌लाई सिफारिस गर्ने निर्णय पनि गरेको छ ।

# बुटवल क्षेत्रमा लजिस्टिक हब बनाउने सम्भाव्यता अध्ययन सुरु



बुटवल । बुटवल क्षेत्रमा लजिस्टिक हब (सुख्खा बन्दरगाह) बनाउने सम्भाव्यताको बारेमा अध्ययन सुरु भएको छ । बुटवल क्षेत्रमा रहेका व्यवसायीहरुले पसल गरेको स्थानमा नै गोदाम राख्दा पूर्ण क्षमतामा काम गर्न नसकिरहेको निष्कर्णसहित लजिस्टिक हब निर्माणका लागि सरोकारवालासँग सम्भाव्यता अध्ययन सुरु भएको छ ।

ग्रीन ग्रोथ नेपाल (हरित विकास नेपाल)ले युके एडको सहयोगमा यस क्षेत्रका उद्योगी व्यवसायीलाई मध्यनजर गर्दै आवश्यकता अध्ययानको कार्य थालिएको हो । काठमाडौंको चोभारमा यसअघि नै निर्माण भएको लजिस्टिक हबको सफलतासँगै पश्चिम नेपालका जिल्लाहरुलाई समेत समेट्ने गरी बुटवल क्षेत्रमा निर्माणको पहल थालिएको हो ।

ग्रीन ग्रोथ नेपालले बुटवलका सरोकारवालाहरुसँग छलफल गरेको छ । बुटवल २ मैनाबगरमा रहेको बुटवल अटो इञ्जिनियरिङ एशोसिएसन रुपन्देही लुम्बिनीका सल्लाहकार कार्यसमितिसहित बैठक बसेर अटो क्षेत्रमा यसको आवश्यकताको बारेमा छलफल गरिएको हो ।

ग्रीन ग्रोथ नेपालका प्रोजेक्ट प्रीपरेसन एक्स्पर्ट सरोज बस्नेतले देशको पश्चिम बेल्टलाई सहज पहुँचमा पुराउन सकिने र देशकै ठूलो नाका बेलहीया नाका पनि रहेकोले जिस्टिक हब निर्माण गर्न सकिन्छ कि भनेर अनुसन्धान थालिएको बताए । कुनै पनि सामान आयात/निर्यात गर्ने कार्य एकै स्थानबाट गर्न सकिने भएकोले यसको महत्व बुझाइएको उनले बताए ।

बुटवल अटो इञ्जिनियरिङ एशोसिएसन रुपन्देही लुम्बिनीका अध्यक्ष प्रेम गौचनले यसले व्यवसायीलाई केही थप स्थान प्राप्त गर्न सहयोगी हुने बताउँदै अझै अध्ययनपश्चात् यसको आवश्यकताको बारेमा बताउन सकिने जनाए । १४.५ बिघाह क्षेत्रफलमा रहेको बुटवल अटो इञ्जिनियरनिङ एशोसियसनमा अहिले ८ सय जना सदस्यहरु रहेको बताउँदै उनले यहाँ ४ सय प्लट रहेको, तर यो स्थान व्यवसायीलाई थोरै भएको तर्क गरे ।

निवर्तमान अध्यक्ष तुल्सीराम न्यौपानेले लजिस्टिकलाई मोतीपुर औद्योगिक क्षेत्रमा निर्माण गरेमा अझै सहज रुपमा प्रयोग गर्न सकिने उल्लेख गरे ।

युकेएडका प्रोग्राम म्यानेजर रजनी खड्काले सरोकारवालालाई यसको आवश्यकता छ वा छैन भन्ने जानकारी लिनुका साथै यसको बारेमा जानकारी गराउने उद्देश्यसहित अध्ययनमा आएको बताइन् । उनले बुटवल औद्योगिक क्षेत्र तथा अन्य औद्योगिक संघ संस्थासँग छलफल गरिने जनाइन् ।

चोभारमा लजिस्टिक हब २०७८ चैत २२ गते औपचारिक रूपमा उद्घाटन गरिएको हो । यसको उद्घाटन तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले गरेका थिए । यो बन्दरगाह नेपालको राजधानी क्षेत्र नजिकै अन्तर्राष्ट्रियस्तरको व्यापारिक केन्द्रको रूपमा विकास गरिएको हो ।

विश्व बैंकको ऋण सहयोगमा निर्माण गरिएको यस परियोजनाको कुल लागत करिब रु १.५४ अर्ब (१५४ करोड) रहेको छ । लगभग २३५ रोपनी (करिब ३५,००० वर्ग मिटर) क्षेत्रफलमा फैलिएको यो सुख्खा बन्दरगाहमा तीनवटा गोदाम, तीनवटा तौल मेशिन, ३५,००० वर्ग फुटको पार्किङ क्षेत्र, कन्टेनर यार्ड, प्रशासनिक भवन र वन-स्टप सेवा प्रणाली जस्ता सुविधा समावेश छन् । यसले आयात-निर्यातका सामानको भन्सार प्रक्रिया र ढुवानी व्यवस्थापनलाई सजिलो बनाउन, काठमाडौंलाई व्यापारिक केन्द्रका रूपमा स्थापित गर्न, र नजिकैको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसँग जोडिने सम्भावनालाई पनि बल दिएको छ ।

## डेंगी रोगबाट कसरी बच्ने ?

**लामखुट्टेको टोकाइबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरू अपनाऔं ।**

- पूरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने साँझ र विहान करेसाबारीमा जाँदा, घर बाहिर टहलिँदा, वा पार्कमा जाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।

प्रतापपुर गाउँपालिका
२ नं. वडा कार्यालय
बेलाटारी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

सम्पादकीय

# प्रधानमन्त्री–मुख्यमन्त्री छलफल सकारात्मक

प्रधानमन्त्री सुशीला कार्कीले सातै प्रदेशका मुख्यमन्त्रीलाई काठमाडौं डाकेर छलफल गर्नु सराहनीय छ। बदलिंदो परिस्थितिमा प्रधानमन्त्रीले संघीय सरकारको काम जानकारी दिने र प्रदेशको वस्तुस्थिति बुझ्रेर अघि बढ्न खोज्नु प्रधानमन्त्री हिंडेको सही बाटो हो। नेपालको संघीय शासन प्रणाली समन्वय र सहकार्यमा आधारित संघीयता हो। प्रधानमन्त्रीले दलहरुलाई किनारा लगाएर एक्लै अघि बढ्न खोजेको र यस्तो रबैयाले चुनावको वातावरण नबन्ने भन्दै आलोचना भइरहेको बेला प्रधानमन्त्री-मुख्यमन्त्री भेट र छलफल भएको छ।

जेनजी आन्दोलनपछि कार्की प्रधानमन्त्री भइन्। प्रधानमन्त्री भएको डेढ महिनासम्म राजनैतिक दलसँग हार्दिक सम्बन्ध बनाउन पटक्कै ध्यान नदिनु उनको कमजोरी हो। फागुन २१ गते चुनाव गर्ने गरी अन्तरिम सरकारको नेतृत्व गरेकी कार्कीमाथि दलहरुलाई बेवास्ता गरेकै कारण सरकार चुनाव गराउन प्राथमिकता दिइरहेको छैन् भन्ने आरोप छ। यो आरोपलाई बल पुग्ने गरी सरकारले चुनावको तयारीका लागि गर्नुपर्ने काम पटक्कै गरेकै छैन। प्रहरीका लुटिएका हतियार फिर्ता, कारागारबाट भागेका कैदीबन्दीमध्ये अझै ५ हजार फिर्ता नभएका र शान्ति सुरक्षाको जिम्मेवारी पूरा गर्ने प्रहरी साधनविहीन छ। समग्र सुरक्षा चुनौतीको सामना गर्ने गरी अघि बढ्न प्रहरीको मनोबल बढाउन जति जरूरी छ, राजनैतिक दलसँगको सार्थक संवाद गरी चुनावका लागि विश्वासिलो वातावरण बनाउन उत्तिकै आवश्यक छ। बलियो सांगठनिक पकड भएका राजनैतिक दललाई किनारा लगाएर अघि बढ्दा चुनावको वातावरण बन्न सक्तैन भन्ने हेक्का ढिलै भए पनि प्रधानमन्त्रीमा आउनुलाई सकारात्मक मान्नुपर्छ। मुख्यमन्त्रीहरुलाई डाकेर प्रधानमन्त्रीले भनिन्-'चुनावको वातावरण बनाउन सरकारलाई सहयोग गर्नुस्। प्रदेश सरकार शासन प्रणालीको महत्वपूर्ण खम्बा हो। स्थानीय तहसँग समन्वय र प्रादेशिक मनोविज्ञान तयार गर्न महत्वपूर्ण भूमिका छ। अझ संघीय शासन प्रणालीलाई बलियो बनाउन सक्दा मात्रै यो व्यवस्थाका महत्वपूर्ण उपलब्धि संस्थागत हुने हुन्।'

मुख्यमन्त्री-प्रधानमन्त्री भेटले संघीय सरकारको अभिभावकत्व गुमेको महशुस गरेका मुख्यमन्त्रीहरुले आफ्ना गुनासा पोख्न पाएका छन्। तहगत सरकारको बढ्दो दुरीको संभावनालाई न्यूनीकरण गरेको छ। अब प्रधानमन्त्रीले राजनैतिक दलका शीर्ष नेताहरुसँग छलफल गर्नुपर्छ। दलसँग छलफल र सहकार्यले नै हो चुनावको वातावरण बनाउने। नवयुवा, दलका नेता र प्रधानमन्त्रीबिच एक पल्ट छलफल पनि भएको छ। आगामी छलफल अझ विस्तारित हुन सक्यो भने चुनाव समयमा गर्न सघाउ पुग्ने छ।

# सामाजिक सद्भाव र सञ्चारमाध्यमको भूमिका



लक्ष्मीधर गुरागाईं

नेपालका आमसञ्चारमाध्यमले सामाजिक सद्भाव बढाउनका लागि धेरैभन्दा धेरै सकारात्मक काम गरिरहेका छन्, ती आमसञ्चारमाध्यमलाई अझ बढी उत्तरदायी, समावेशी र तथ्यमा आधारित पत्रकारिताको अपरिहार्य आवश्यकता भएको हुनाले मुलुकको चौतर्फी विकासमा आमसञ्चारमाध्यमको भूमिका अझ प्रभावकारी, जनउत्तरदायी, विश्वसनीय, भरपर्दो बनाउन नागरिक, सञ्चारकर्मी र राज्य सबैको सहकार्य आवश्यक छ।

नेपाली समाजमा सामाजिक सद्भाव बढाउन मिडियाको योगदान महत्त्वपूर्ण र बहुआयामिक हुन्छ। आमसञ्चारमाध्यम समाजका ऐना मात्र होइनन्, परिवर्तनका सशक्त संयन्त्र र वाहक पनि हुन्। नेपालका सन्दर्भमा आमसञ्चारमाध्यमले विभिन्न जाति, धर्म, भाषा, लिंग र आमजनताबिच आपसी समझदारी र सद्भाव बढाउन महत्तम भूमिका निर्वाह गरिरहेका हुन्छन्।

आमसञ्चारमाध्यमले कतिपय हल्लाका रूपमा आएका कुरा पनि समाचारका रूपमा प्रस्तुत गरिदिँदा सिंगो मिडियाकै निधारमा कलंकको टीको लागेको देखिन्छ। मिडियाले अल्पसंख्यक, दलित, पिछडावर्गलाई प्रोत्साहन गर्न सकेको योगदान गर्न बिर्सन हुँदैन।

जेनजी आन्दोलनको ऐतिहासिक परिवर्तनपछि खगेन्द्र सुनार मन्त्री बन्ने चर्चा चुलिएपछि केही आमसञ्चारमाध्यमले उनीमाथि नानाभाँतीका हिलो छ्यापेर अवरोध गरेका कुरालाई आमदलित समुदायमा मात्र होइन, समाज परिवर्तन गर्न कलम, कुची र आवाज बोकेर हिंडेका जो कोहीका दाँतमा ढुंगो लागेको यथार्थ घामजत्तिकै छर्लंग छ। कपोलकल्पित, भ्रामक र तथ्यहीन कुरा जनसमक्ष ल्याएर आमसञ्चारले खेलेको नकारात्मक भूमिकालाई क्षमायाचनाले मात्र चोख्याउन सक्दैन। यस्तै कुराबाट दलितप्रति हाम्रो समाज व्यक्तिमा सकारात्मक भाव पैदा गराउन अहम् भूमिका निर्वाह गर्न सक्नुपर्ने टड्कारो आवश्यकता हो। दलितमाथि न्याय गर्न नसकेका कारण हाम्रै छिमेकी देश भारतमा 'तिलक, तराजु और तरबार यिनका मारो जुत्ता चार' भन्नेजस्ता नारा घन्केको धेरैले बिर्सेका छैनन्।

**विविधता झल्काउने सामग्री प्रसारण**

नेपाल सांस्कृतिक, जातीय, भाषिक, धार्मिक र भौगोलिक विविधता भएको मुलुक हो। यहाँ विश्वको सर्वोच्च शिखर सगरमाथादेखि सामुद्रिक सतहभन्दा होचो भाग केचना कवलसमेत छन्। नेपाली आमसञ्चारमाध्यमले देशको सांस्कृतिक, जातीय, भाषिक र धार्मिक विविधता झल्काउने कार्यक्रम प्रसारण गरेर विभिन्न समुदायबीच पारस्परिक सम्मान र समझदारी बढाउन गहन योगदान पुऱ्याएको कुरा कसैले अस्वीकार गर्न सक्दैन। कुनै पनि मिडियाले प्रकाशन प्रसारण गर्ने समाचारमा होस् वा विचारमा कुनै सांस्कृतिक, जातीय, भाषिक, धार्मिक र भौगोलिक समुदायलाई कसैलाई उचाल्ने, कसैलाई पछार्ने गर्ने हो भने समाजमा विद्वेष मच्चिएर नराम्रा दुर्घटना हुन बेर लाग्दैन। त्यसैले सबै समुदायबिच आपसी सद्भाव र मित्रता कायम गराउनेखाले सामग्री प्रस्तुत गरेर समाजलाई सुन्दर गोरेटोतर्फ अग्रसर गराउनेखाले सामग्रीले फुट्न खोजेका समाजका कतिपय पक्षलाई जुटाउने काम गर्दछ।

**समावेशी पत्रकारिता**

समाजमा विभिन्न समुदाय हुन्छन्। समाजका महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, मुस्लिम आदि मुलुकका आमसञ्चारमाध्यमबाट विमुख हुनुहुँदैन। समाजका अपहेलनामा परेका, शोषण र दमनमा परेका, सामाजिक अन्यायको जाँतोमा पिसिएर पीडित बनेका समुदायको उत्थानका लागि समाचार र विचार प्रवाह गरेर त्यस्ता समुदायलाई प्रेरणा दिन प्रयत्नशील हुनुपर्ने देखिन्छ। नेपाली समाजमा महिला, दलित, आदिवासी, जनजाति, मुस्लिम आदिका आवाज आमसञ्चारमाध्यममार्फत उजागर हुनसक्नुपर्छ। यसका लागि ती समुदायका युवालाई नै सञ्चारकर्मी बन्न प्रोत्साहन गरेर, उनीहरूलाई नै विभेदका घाउ' लेखन, छायांकन गरेर प्रसारण गर्ने हो भने बिस्तारै समाजमा विभेदका रेखा धमिला बन्दै गएर अन्त्यमा हराउनेछन्।

युगौंदेखि उपेक्षित रहेर पछाडि पारिएका दलित समुदायको प्रतिनिधित्व बढाएर सामाजिक समावेशिता र सद्भावलाई प्रोत्साहन गर्न महत्तम भूमिका निर्वाह गर्नुपर्नेमा ती समुदायका मानिसलाई अवसरबाट वञ्चित गराउन यदि कसैले मन, वचन, कर्ममा खराब नियत राख्छ भने त्यसको असर समाजमा सकारात्मक हुन सक्दैन।

**शिक्षा तथा जनचेतनामूलक कार्यक्रम**

परम्परागत नेपाली समाज महिला, दलित, मधेशी, अल्पसंख्यक, मुस्लिम, जनजाति र पिछडिएका वर्गप्रति निकै असहिष्णु थियो। आमसञ्चारमाध्यमले ती समुदायका हकहित र भलाइका लागि विविध कार्यक्रम चलाएर समाज परिवर्तनको महत्त्वपूर्ण कदम चाल्न सक्छन्। यसका लागि रेडियो नाटक, कुराकानी, समाचार विश्लेषण, टेलिफिल्म प्रसारण र त्यस समुदायका व्यक्तिबाट उनीहरूको समुदायका विचार प्रतिनिधित्व हुनेगरी लेखरचना लेखी आमसञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारणका व्यवस्था गर्दा त्यसले समाजमा गहन परिवर्तनका सकारात्मक कुरा देखिंदै आएका छन्।

आजको वैज्ञानिक युगमा जातीय विभेदको घिनलाग्दो अवस्थाले नेपाली समाज नै अन्तर्राष्ट्रियजगतमा अपमानित हुन पुगेको छ।

**संकटका बेलामा एकता सन्देश**

मुलुकमा बाढीपहिरो, भूकम्प, अनिकाल र महामारीजस्ता संकट फैलिएका अवस्थामा आमसञ्चारमाध्यमले आपसी सद्भाव, सरसहयोग र भाइचारा भावना अभिवृद्धि गराउन भूमिका खेल्नुपर्छ। राष्ट्रिय संकट परेका बेला आमसञ्चारमाध्यमले एकता सन्देश प्रवाह गर्दै सबै नेपालीलाई साथ दिने भावना बढाउनुपर्छ। पत्रकारिता पेसाभन्दा अघिल्लो पंक्तिमा मानवता राख्न सक्नुपर्छ। किनकि, कोही पनि व्यक्ति पत्रकार हुनुभन्दा पहिले ऊ मानव हो भन्नेप्रति आँखा चिम्लन हुँदैन।

सन् १९९३ को कुरा हो, दक्षिणी सुडान अनिकालको चपटेमा थियो। अनिकालग्रस्त क्षेत्रमा भोकले आकुल व्याकुल एक बालिका यूएन मिसनले खाद्यान्न बाँडिरहेका ठाउँतिर घस्रेर जाँदा एउटा गिद्धले 'ती बालिका मर्लिन् र खाउँला' भनेर पर्खिरहेको थियो। त्यस्तो अवस्थाको दारुण तस्बिर केभिन कार्टर नामका फोटो पत्रकारले खिचेर पत्रपत्रिकामा छपाए। मिडियामा फोटो प्रकाशित भएपछि त्यो फोटो विश्वभर 'भाइरल' बन्यो।

केभिन कार्टरले त्यही फोटोका कारण सन् १९९४ मा 'पुलित्जर पुरस्कार' प्राप्त गरे। त्यस फोटोले अत्यधिक भोकमरी, युद्ध र अभावको त्रासदीपूर्ण यथार्थले विश्व समुदायलाई नै स्तब्ध बनायो। त्यसपछि ती पत्रकारलाई मानिसले टेलिफोन गरेर बालिकाको पछिल्लो अवस्था' सोध्न थाले। पत्रकारले 'आफूले ती बालिका र उनलाई खान पर्खिरहेको गिद्धको फोटो खिचेर हिंडेको' बताएपछि केविन कार्टरको चारैतिर ठूलो आलोचना हुन थाल्यो।

केभिन कार्टर पहिले मानव हुन्, अनि मात्र फोटो पत्रकार। उनले 'बालिकाप्रति मानवता देखाउनुपर्थ्यो' भन्ने आवाज सबैतिर गुन्जिए। केही मानिसले कार्टरलाई फोन गरेर 'बालिकाछेउमा दुई गिद्ध रहेछन्, एउटा गिद्ध कतिखेर बालिका मर्ली र खाउँला भनेर पर्खेको अनि अर्को गिद्धले चाहिँ क्यामेरा लिएको रहेछ' भन्नेखाले कुरा सुनाएपछि केविन कार्टरलाई असह्य पीडा भयो। त्यही पीडा खप्न नसकेर १९९४ जुलाईमा कार्टरले आत्महत्या गरे। भोकमरीपीडित बालिकाको फोटो मानवताका लागि कठोर ऐना बन्यो। जसले मानव मात्रका प्राथमिकता, संवेदना र पत्रकारिताका नैतिकतामाथि गम्भीर प्रश्न उठायो। त्यसपछि संसारमा पेसाकर्मीले पनि 'आफ्नो पेसाभन्दा मानवतालाई प्राथमिकता दिनुपर्छ' भन्ने सोच प्रगाढ बन्यो।

**पत्रकारितामा नैतिकताको प्रश्न**

पत्रकारिता तथ्यसत्य सम्प्रेषण विषयमा कुरा गर्दा पत्रकार जेनेट लेसिल कुक (सन् १९५४)ले सन् १९८० मा 'वासिङ्टन पोस्ट'मा समाचारदाताका रूपमा काम सुरु गरिन्। कुकको 'जिमीको संसार' शीर्षक विचारोत्तेजनक समाचार १५ अप्रिल १९८१ मा प्रकाशित भयो। त्यस समाचारमा आमाको चरित्र खराब हुँदा जिमी लागूपदार्थको दुर्व्यसनीमा फसेको उल्लेख थियो। समाचार तुरुन्त 'भाइरल' बन्यो। त्यस्तो खोजपूर्ण समाचारका लागि 'पुलित्जर पुरस्कार'ले जेनेट कुकलाई सम्मान गरियो।

त्यस विषयमा सरकारले खोजी गर्दा जेनेट कुकले समाचारमा उल्लेख गरेका ठाउँमा आमाछोरा रहेको, छोरा राम्रोसँग विद्यालयमा पढिरहेको उनकी आमा पनि समाजमा सहयोगी महिला, चरित्रमा समाजमा कुनै प्रश्न नउठेकी हुँदा त्यस समाजका धेरै मानिस 'हावादारी समाचार' लेखेको भनेर पत्रिका र समाचारदाता जेनेट कुकसँग रिसाए। त्यसपछि त्यससम्बन्धी अनुगमन समाचार प्रकाशित भएपछि 'पुलित्जर पुरस्कार' फिर्ता गरियो। सन् १९८१ मा 'भाइरल' हुने लोभमा 'गलत समाचार लेखेको' भनी सबैसँग क्षमा मागेर जेनेट कुकले पत्रकारिता पेसा छाडिन्। अनुजा बानियाँ र रसेन्द्र भट्टराईका समाचार नेपालमा त्यसैगरी 'भाइरल' भए। यस्ता समाचारले पत्रकारिताको विश्वसनीयतामाथि नै गम्भीर प्रश्न उठ्न सक्छ।

**विवादमा समन्वयकारी भूमिका**

नेपाल बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक देश हुनाले यदाकदा धार्मिक, जातीय वा भाषिक विवाद र द्वन्द्व पनि उत्पन्न हुने सम्भावना भएका घटना पनि देखा नपरेका होइनन्। त्यस्ता अवस्थामा 'यो वा त्यो धर्म' र समुदायका व्यक्तिलाई उचालेर, 'यो वा त्यो समुदाय'लाई थेचारेर समाचार र विचार प्रवाह नगरी मिडियाले सन्तुलित र तथ्यमा आधारित रिपोर्टिङ गरेर तनाव घटाउने बाटोमा प्रयत्नशील बनेर लाग्नुपर्छ। आमसञ्चारमाध्यमले द्वन्द्वका समय दन्केको आगोमा घिउ र पेट्रोल छर्कने काम नगरी बरू पानी हाली दन्केको आगो निभाउने समन्वयकारी भूमिका निर्वाह गर्नुपर्छ।

कतिपय आमसञ्चारमाध्यमले सामाजिक सद्भाव खल्बलिएको अवस्थामा अझ बिग्रन सक्नेखाले उत्तेजक, पक्षपाती तथा एकांगी सामग्री सम्प्रेषण गरेर स्थिति भड्काउने, समाजलाई बिगार्नेखाले आपत्तिजनक सामग्री प्रसारण तथा प्रकाशन गर्ने गरेका देखिन्छन्। त्यस्ता आमसञ्चारमाध्यममा कार्यरत पत्रकार तथा सञ्चारकर्मीलाई 'काउन्सिलिङ' खाँचो हुन्छ।

आज सशक्त आमसञ्चारमाध्यम सामाजिक सञ्जाल फेसबुक, युट्युब, इन्स्टाग्राम, एक्स आदिबाट फैलिने कपोलकल्पित, तथ्यहीन र भ्रामक सूचनाले सामाजिक सद्भाव खलबल्याउने काम गर्नसक्ने सम्भावना निकै देखिन्छन्। आमसञ्चारमाध्यम सशक्त, जिम्मेवार बने भने निहीत स्वार्थ समूहबाट समाज भाँड्नका लागि फैलाइने गलत सूचना सहजै नियन्त्रण गर्न सकिन्छ। त्यसैले आमसञ्चार सचेतनासम्बन्धी अभियान चलाएर अफवाह फैलाउनेलाई कानुनी दायरामा ल्याउन सकियो भने यसमा न्यूनीकरण हुनसक्छ। नेपालका आमसञ्चारमाध्यमले सामाजिक सद्भाव बढाउनका लागि धेरैभन्दा धेरै सकारात्मक काम गरिरहेका छन्, ती आमसञ्चारमाध्यमलाई अझ बढी उत्तरदायी, समावेशी र तथ्यमा आधारित पत्रकारिताको अपरिहार्य आवश्यकता भएको हुनाले मुलुकको चौतर्फी विकासमा आमसञ्चारमाध्यमको भूमिका अझ प्रभावकारी, जनउत्तरदायी, विश्वसनीय, भरपर्दो बनाउन नागरिक, सञ्चारकर्मी र राज्य सबैको सहकार्य आवश्यक छ।

राजधानीबाट

# नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार दोहोरो अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक १२ दशमलव १७ अङ्कले बढेर दुई हजार ६०७ दशमलव ४२ को बिन्दुमा कायम भएको हो।

३१२ कम्पनीको ९२ लाख १८ हजार ८१० कित्ता शेयर ४२ हजार ८७९ पटक खरिदबिक्री हुँदा रु चार अर्ब ६८ करोड १९ लाख २२ हजार ८१४ दशमलव ९६ को कारोबार भएको छ। कारोबारमा होटल तथा पर्यटन र म्युचुअल फण्ड समूहबाहेक अरु सबै समूहको उपसूचक बढेको छ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा बढी युनियन हाइड्रोपावर लिमिटेडको रु ३८ करोड ६१ लाख ५२ हजार ४८४ बराबरको सात लाख १० हजार २५९ कित्ता शेयर किनबेच भएको छ।

# के हुन्छ दिनहुँ करेलाको जुस पिउँदा ?

हाम्रो भान्सामा हाम्रो शरीरलाई असंख्य पोषक तत्त्वहरू प्रदान गर्ने अनि स्वास्थ्य कायम राख्न सक्ने कयौं तरकारीहरू छन्। यिनैमध्ये एक हो, करेला। स्वाद तितो भए पनि करेला स्वास्थ्यको लागि निकै फाइदाजनक छ।

दैनिक करेला खानु वा यसको रस पिउँदा धेरै फाइदा मिल्न सक्छ। करेला निश्चित रूपमा स्वस्थकर भए पनि यसको अत्यधिक सेवन हानिकारक हुन सक्छ। करेलाको रस सन्तुलित मात्रामा सेवन गर्नुपर्छ। पहिले नै मिर्गौलाको समस्या छ भने यसको सेवन गर्नु अघि डाक्टरसँग परामर्श गर्नुपर्छ। आजको यस लेखमा हामी दैनिक रूपमा करेलाको जुस पिउनुका फाइदाहरू र अत्यधिक सेवनको सम्भावित साइड इफेक्टहरू कुराकानी गर्नेछौं।

**के–के हुन्छ करेलाको जुसमा ?**

करेला भिटामिन सी, पोटासियम, जिंक, आइरन र फोलेट जस्ता पोषक तत्त्वहरूले भरिपूर्ण छ। करेलाको जुस पिउनाले तपाईंको दैनिक भिटामिन सीको आवश्यकताको लगभग ८७% पूरा गर्न सक्छ। भिटामिन सीले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउँछ, मस्तिष्कलाई स्वस्थ राख्छ, र चोटपटक वा रोगबाट छिटो निको हुन मद्दत गर्छ।

**करेलाको जुस सेवनका फाइदा:**

**१. मिर्गौलाको लागि राम्रो:**

करेलाको जुसले मिर्गौला सफा गर्न मद्दत गर्छ। यसले शरीरबाट फोहोर र विषाक्त पदार्थहरू हटाउने प्रक्रियालाई सुधार



गर्छ। यो मधुमेहका बिरामीका लागि विशेष गरी फाइदाजनक छ किनकि यसले रगतमा चिनी नियन्त्रण गरेर मिर्गौलामा दबाब कम गर्छ।

**२. रगतमा चिनीको मात्रा नियन्त्रण गर्छ:**

करेलाको रसले टाइप २ मधुमेह भएका मानिसहरूमा रगतमा चिनीको मात्रा कम गर्न मद्दत गर्छ भनेर धेरै अध्ययनहरूले देखाएका छन्। यसले शरीरमा प्राकृतिक इन्सुलिनको रूपमा काम गर्छ र ग्लुकोजको उपयोग सुधार गर्न मद्दत गर्छ।

**३. छालाको लागि फाइदाजनक:**

करेलाको रस एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ जसले छालालाई फ्री रेडिकलहरूबाट जोगाउँछ। फ्री रेडिकल हानिकारक तत्त्वहरू हुन् जसले छालामा फुस्रोपन र बुढ्यौली निम्त्याउँछ। यसमा प्रो-भिटामिन ए पनि हुन्छ, जसले छालालाई उज्यालो बनाउँछ र घाउ अनिदागहरू छिटो निको पार्न मद्दत गर्छ।

**४. तौल घटाउन मद्दत गर्छ:**

तपाईं तौल घटाउन खोज्दै हुनुहुन्छ भने, करेलाको जुसले मद्दत गर्न सक्छ। यसले मेटाबोलिज्म बढाउँछ, बोसो जलाउन मद्दत गर्छ, र विशेष गरी उच्च बोसोयुक्त आहार खानेहरूका लागि लाभदायक हुन्छ।

**करेलाको धेरै जुस पिउनुका बेफाइदाहरू:**

फाइदाजनक भए पनि करेलाको जुस धेरै पिउनाले केही साइड इफेक्टहरू हुन सक्छन्। करेलाको जुस धेरै खँदा पेट दुख्ने, पखाला वा बान्ता हुने, पेट दुख्ने वा ग्यास बन्ने जस्ता समस्या उत्पन्न हुन्छ। करेलाको जुस मिर्गौलाको लागि फाइदाजनक हुन सक्ने तर यसले हानि पुऱ्याउँछ भन्ने कुनै ठोस प्रमाण नभएको केही अनुसन्धानहरूले भनेका छन्। जे भए पनि करेलाको जुसलाई सीमित मात्रामा सेवन गर्नु राम्रो हुन्छ।

# फूलखेतीमै रमाएका कृषकहरू

स्याङ्जा । केही वर्ष अघिसम्म विशेषगरी तिहारमा प्रयोग हुने सयपत्री फूल तथा माला अन्यत्रबाट आउने गर्थ्यो । फूल तथा माला खरिद गर्दा हुने आर्थिक पलायन पछिल्ला वर्षहरूमा जिल्लाभित्रै रहने गरेको छ। ठूला-ठूला सभासमारोह, धार्मिक कार्यहरू, विवाहलगायतमा प्रयोग गर्नका लागि जिल्ला बाहिरबाट फूल तथा माला ल्याउनुपर्ने बाध्यता पछिल्ला वर्षहरूमा न्यूनीकरण हुँदै गइरहेको छ।

पछिल्ला वर्षहरूमा जिल्लाभित्रका विभिन्न स्थानमा सयपत्री फूलको व्यावसायिक उत्पादन थालिएसँगै फूल तथा माला बिक्रीबाट जिल्लामा आर्थिक उपार्जन गर्ने कृषकहरूको सङ्ख्या बढ्दै गएको छ । छोटो अवधि एकै यामबाट राम्रो आम्दानी हुने र बजारमा माग अत्याधिक हुँदा बजारीकरणको समस्या नहुने भएकाले पनि पछिल्लो समय यहाँका कृषकहरू यतातिर आकर्षिक भएका हुन् ।

कालीगण्डकी गाउँपालिकाले यहाँका कृषकहरूलाई फूलखेतीको सम्भावनाका बारेमा जानकारी दिने र फूलखेतीतर्फ आकर्षित गर्ने उद्देश्यसहित व्यावसायिकरुपमा फूलखेती गरेको थियो। पालिकाले थालेको फूलखेतीबाट उत्पादन तथा आम्दानी राम्रो भएपछि यहाँका कृषकहरू ह्वात्तै यसतर्फ आकर्षित भएका हुन्। अहिले गाउँपालिकाका कृषकले ठूलो परिमाणमा व्यावसायिक फूलखेती गरेका छन् ।

कृषकहरूले दसैँ तथा तिहारको अवधिमा मात्रै फूल तथा माला बिक्री गरेर लाखौँ आम्दानी गर्न सफल भएका छन् । गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलका अनुसार दसैँ, तिहारको अवधिमा सयपत्री फूलका थुङ्गा तथा माला बिक्री गरेर रु १६ लाख २० हजार आम्दानी गरेका हुन् ।

दसैँ तथा तिहारमा फूल तथा माला बिक्रीबाट राम्रो आम्दानी गरेका कृषकहरूका बारीमा अझै पनि टन्नै फूलहरू फुलिरहेका छन्। असारमा दुई चरणमा लगाएका फूलहरूको उत्पादन पनि दसैँ, तिहार लक्षित गरेर हुने गरेको छ । दोस्रो चरणमा लगाएका फूलहरूको उत्पादन मङ्सिरको अन्तिमसम्म लिन सकिने कृषि अधिकृत पौडेलले बताए।

कालीगण्डकीसहित जिल्लाभरका कृषकहरूले गत वर्षभन्दा यस वर्ष फूल बिक्रीबाट आम्दानी पनि वृद्धि गरेका हुन्। कालीगण्डकीका कृषकहरूले सयपत्री फूल बिक्रीबाट गतवर्ष मात्रै रु १५ लाख आम्दानी गरेका थिए । बारीमा अझै पनि फूल फुलिरहेकाले आम्दानी पनि स्वतः वृद्धि हुने कृषि अधिकृत पौडेल बताउँछन् ।

कालीगण्डकी गाउँपालिकाअन्तर्गत विभिन्न वडाका २२ जना कृषकले व्यावसायिकरुपमा सयपत्री फूलखेती गर्दै आएका छन् । बाइस जनाले ३० रोपनीभन्दा धेरै क्षेत्रफलमा सयपत्री फूलखेती गरेका हुन् । गाउँपालिकाले कृषकहरूलाई सयपत्री फूलखेतीतर्फ आकर्षित गर्नका लागि प्रोत्साहनस्वरुप फूलको बिउ तथा अनुदान रकम उपलब्ध गराएको थियो । गाउँपालिकाभित्रका सामुदायिक घरबास (होमस्टे) हरूमा पाहुनाहरूको स्वागत सत्कारका लागि प्रयोग गर्ने गरी फूल लगाउने अभियान अगाडि बढाइएको थियो।

कालीगण्डकी गाउँपालिका-३ लसर्घा देउरालीका रेमनसिंह सोमैले तीन रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा सयपत्री फूलखेती गरेका छन् । गाउँपालिकाको ५० प्रतिशत अनुदानमा उनले 'कर्मा ५५५' र कलकत्ते जातको सयपत्री फूल खेती गरेका हुन्। गतवर्ष परीक्षणको रुपमा लगाएको फूलखेतीबाट राम्रो आम्दानी भएपछि यस वर्ष थप विस्तार गरेर खेती गरेको उनले बताए।

उत्पादन भएको फूल बुटवल, गुल्मीको रिडी तथा स्थानीय बजारहरूमा बिक्री भएको उनले बताए । गत वर्ष फूलको मूल्य कम रहेकाले अपेक्षाअनुसार आम्दानी नभएको र यसपालि मूल्य राम्रो निर्धारण भएकाले पनि आम्दानीमा वृद्धि हुने विश्वास उनको छ। "गत वर्ष एकै याममा रु दुई लाख ५० हजार आम्दानी भएको थियो", उनले भने-"यस वर्ष क्षेत्रफल, बेर्ना र मूल्य पनि बढेकाले आम्दानी पनि बढ्छ, करिब चार लाख आम्दानी हुने अपेक्षा गरेको छु।"

गाउँपालिका आफैँले व्यावसायिक रुपमा फूलखेती गरेको छ । व्यावसायिक फूलखेती गर्न चाहने कृषकहरूलाई ५० प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै बजारीकरणको समेत व्यवस्था गरिदिएकाले गाउँपालिका नै फूलमय बन्न पुगेको छ। यहाँबाट बर्सेनि लाखौँ मूल्यको फूल देशका विभिन्न सहरहरूमा पुग्ने गरेको छ।


## हिमचुली पोल्ट्री प्रा.लि. को
## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८२/०७/२०)

गण्डकी प्रदेश नवलपरासी (ब.सु.पु) जिल्लाको मध्यबिन्दु नगरपालिका वडा नं. १३ मा श्री हिमचुली पोल्ट्री प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री हिमचुली पोल्ट्री प्रा.लि.<br>देवचुली नगरपालिका, वडा नं. ३, नवलपरासी (ब.सु.पु), गण्डकी प्रदेश, नेपाल<br>ईमेल : himchulipoultry2053@gmail.com, सम्पर्क नं. : ९८५५०५५१०४ |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित पोल्ट्री उद्योग नवलपरासी (ब.सु.पु) जिल्लाको मध्यबिन्दु नगरपालिका वडा नं. १३ को २७,१०३.९३ बर्ग मिटर (४ बिघा ०.८०५ धुर) क्षेत्रफलमा सञ्चालन गरिनेछ । यस उद्योगको प्रमुख उद्देश्य कुखुरापालनगृह संचालन गरी कुखुरा पालन गर्नु हो र यस पोल्ट्री उद्योगले २,००,००० (दुई लाख) लेयर्स कुखुरा पालन गर्नेछ। |
| **प्रभाव पर्न सक्ने जिल्ला र न.पा.** | नवलपरासी (ब.सु.पु) जिल्ला मध्यबिन्दु नगरपालिका वडा नं. १३ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न मध्यबिन्दु नगरपालिका १३ नं. वडा समिति, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नाम : श्री हिमचुली पोल्ट्री प्रा.लि.<br>ठेगाना : देवचुली नगरपालिका वडा नं. ३, नवलपरासी (ब.सु.पु), गण्डकी प्रदेश, नेपाल<br>ईमेल : himchulipoultry2053@gmail.com सम्पर्क नं. : ९८५५०५५१०४, |
| **परामर्शदाताको नाम र ठेगाना** | नाम : ईन्भाइरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग सर्भिसेस्, ठेगाना : टोखा-१०, काठमाडौँ, नेपाल,<br>ईमेल : eesconsultancynepal@gmail.com, सम्पर्क नं. : ९८४१६८६२४३, ९८१०२५१५४२ |


# धानखेती क्षेत्र घट्यो, उत्पादन बढ्यो



राँझा (बाँके) । बाँके जिल्लामा धानखेती गर्ने क्षेत्र घट्दै गए पनि गत वर्षको तुलनामा उत्पादनमा भने वृद्धि भएको छ।

यस वर्ष ३४ हजार ७११ हेक्टरमा धानखेती गरिएकोमा प्रति हेक्टर ४.६ मेट्रिक टन उत्पादन भई कुल एक लाख ६० हजार मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र बाँकेका कृषि प्रसार अधिकृत खडक बस्नेतले बताए।

उनका अनुसार, गत वर्ष ३४ हजार ५०२ हेक्टरमा धान खेती गरिएकोमा प्रति हेक्टर ४.२ मेट्रिक टनका दरले एक लाख ४५ हजार मेट्रिक टन धान उत्पादन भएको थियो। यस वर्ष सुरुदेखि नै अनुकूल मौसमले समयमा रोपाइँ हुनुका साथै वर्षामा क्षति पनि नभएकाले यस वर्ष गत वर्षभन्दा १५ हजार मेट्रिक टन बढी धान उत्पादन हुने भएको छ।

यसैबिच खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँकेका किसानबाट धान खरिदका लागि मूल्य निर्धारण गरिएको छ। प्रमुख जिल्ला अधिकारी दिलबहादुर तामाङको अध्यक्षतामा मङ्गलबार बसेको प्राथमिक खरिद समितिको बैठकले मोटा धान प्रतिक्विन्टल तीन हजार ४६३ रुपियाँ ८१ पैसा र मध्यम धानप्रति क्विन्टल तीन हजार ६२८ रुपियाँ ३३ पैसामा खरिद गर्ने गरी मूल्य निर्धारण गरेको हो।

मूल्य निर्धारणको काम गरिए पनि आन्तरिक तयारी गरी आइतबारदेखि मात्रै किसानबाट धान खरिद सुरु गरिने खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँकेका प्रमुख रामशरण लामिछानेले जानकारी दिए।

उनका अनुसार जिल्लामा यस वर्ष मोटा धान १५ हजार क्विन्टल र मध्यम धान पाँच हजार क्विन्टल किसानबाट खरिद गर्ने निर्णय भएको छ। गोदाम व्यवस्थापनलगायतका अन्य प्राविधिक काम सकेर आइतबारदेखि किसानबाट धान खरिद गर्ने तयारी भएको छ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
## जिल्ला प्रशासन कार्यालय
**(प्रशासन शाखा)**
**सिद्धार्थनगर, रूपन्देही, नेपाल**

## प्रमाणित सम्बन्धमा ।

**सूचना प्रकाशित मितिः २०८२।७।१९**
**ने. सं. ११४६**

जिल्ला रुपन्देही बुटवल उपमहानगरगरपालिका वडा नं. १३ बस्ने भारतीय भु. पु. सैनिक नं. 5845246 का 1/9 G.R., P.P.O. S/020759/2006 T.S. No. 127925 पदका पेन्सनर हिम बहादुर कवरको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर हिम बहादुर कवर, जन्ममिति वि.सं. २०१५।०७।२५ उल्लेख भएको तथा भारतीय पेन्सन रेकर्डमा नामथर हिम बहादुर क्षेत्री जन्ममिति ई.स.१९६३।११।०१ उल्लेख भएको साथै निजको पत्नीको नागरिकता प्रमाण पत्रमा नामथर वसन्त देवी कंवर उल्लेख भएको तथा पतिको भारतीय पेन्सन रेकर्डमा नामथर पार्वती देवी उल्लेख भई नामथर र जन्ममिति फरक परेकोमा उल्लेखित फरक फरक नामथर र जन्ममिति भएका व्यक्ति एकै भएको व्यहोरा प्रमाणित गरीपाउँ भनी यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित बुटवल उपमहानगरगरपालिका १३ नं. वडा कार्यालयको च.नं. १०३१, मिति २०८२/०७/१७ को सिफारिसबाट समेत लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ।



**प्रमुख जिल्ला अधिकारी**



## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति २०८२/०७/२० गते बिहिबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा विकास बैंकसँग भए गरेका सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकिता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी विकास बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले विकास बैंकले बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५(पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी, धितो जमानीकर्ता र व्यक्तिगत धनजमानीकर्तालाई सूचित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा चुक्ता गर्न तत्परता नदेखाए पश्चात बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम विक्री सम्बन्धी २१ (एक्काइस) दिने सुचना प्रकाशित गरी ऋणकर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा विकास बैंकको नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र समेत आव्हान गरिएकोमा विकास बैंकद्वारा हाल पुनः यो १५ (पन्ध्र) दिने धितो लिलाम विक्री सम्बन्धी सूचना प्रकाशित गरिएको छ। तसर्थ धितोमा रहेको उक्त सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा विदा पश्चात लगत्तै कार्यालय खुल्ने दिन) कार्यालय समयभित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रितपुर्वक बोलपत्र भरी यस विकास बैंकको केन्द्रीय कार्यालय, बुटवलमा वा विकास बैंकको सम्बन्धित शाखा कार्यालयमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ। साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री भई विकास बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको आन्तरिक नीति नियम तथा अन्य प्रचलित ऐन कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै कालोसूचीमा समावेश गर्न बाँकी ऋणी, संचालक, प्रोप्राईटर, साझेदार, जमानतकर्ता र नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशन बमोजिम ऋणसँग सम्बन्धित अन्य पक्षहरुलाई तीनपुस्ते विवरण सहित कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा समावेश गर्न सिफारिस गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु गराउनु हुन समेत विशेष अनुरोध गरिन्छ।

तपसिल

**ऋणीको नाम र ठेगाना** (**शाखा कार्यालय सन्धिखर्क**)

श्री ५ को सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय रुपन्देही ,भैरहवामा दर्ता रहेको प्रा.फा.न. १६७०८/०६२ मिति २०६२/०६/०५, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ३०२२३४२०८ मिति २०६४/०१/२४ मा दर्ता भई अर्घाखाँची जिल्ला सन्धिखर्क गा. वि.स. वडा नं. ६ स्थित **मन्त्री सुनचाँदी गहना पसल**

**प्रोप्राइटरको विवरण**ः टिकाराम सुनारको नाति, डिलाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्गला गाँउ पञ्चायत वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **जिवलाल स्वर्णकार** (ना.प्र.नं. २३०९/२९१५, अर्घाखाँची, जारी मिति : २०४३/०९/२८)

**व्यक्तिगत धनजमानी /धितो जमानी दिनेहरुको विवरण**

१. टिकाराम सुनारको नाति, डिलाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्गला गाँउ पञ्चायत वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **जिवलाल स्वर्णकार** (ना.प्र.नं. २३०९/२९१५, अर्घाखाँची, जारी मिति : २०४३/०९/२८)
२. डिलाराम सुनारको बुहारी, जिबलाल स्वर्णकारको पत्नी, अर्घाखाँची जिल्ला वाङ्ला गाँउ पञ्चायत वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **पार्वता स्वर्णकार** (ना.प्र.नं. ५५९१/३९६१, अर्घाखाँची जारी मिति : २०५३/०४/०४)
३. दलविर सुनारको नाती, टिकाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्गला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **डिलाराम सुनार** (ना.प्र.नं.४२१५/२५९ अर्घाखाँची, जारी मिति : २०३३/१२/२६)
४. खिमानन्द भट्टराईको नाति, उमानन्द भट्टराईको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **सिद्धी प्रसाद भट्टराई** (ना.प्र.नं. ४५५/५४९, अर्घाखाँची, जारी मिति : २०३७/१२/२०)
५. मतिलाल खनालको नाति, नरिश्वर खनालको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **जनार्दन खनाल** (ना.प्र.नं. २०८५/२९४५, अर्घाखाँची, जारी मिति : २०४३/११/०८)
६. पुनाराम चुदालीको नाति, बुद्धीराम चुदाली (पौडेल)को छोरा, अर्घाखाँची जिल्ला सन्धिखर्क गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **लेखनाथ पौडेल** (ना.प्र.नं. ७७०३/९४८, अर्घाखाँची, जारी मिति : २०५७/०४/०६)
७. डिलाराम सुनारको नाती, जिवलाल स्वर्णकारको छोरा, अर्घाखाँची जिल्ला सन्धिर्खक न.पा. वडा नं. ०१ स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने **सन्देश स्वर्णकार** (ना.प्र.नं. ४०-०१-७६-०४१४३, अर्घाखाँची, जारी मिति : २०७६/०७/२४
८. डिलाराम सुनारको नाती, जिवलाल स्वर्णकारको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिर्खक न.पा. वडा नं. ०१ बस्ने **दिपेन्द्र स्वर्णकार** (ना.प्र.नं. ४०१००९/१२१९, अर्घाखाँची, जारी मिति : २०६९/०३/२०

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१. टिकाराम सुनारको नाति, डिलाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्ला गाँउ पञ्चायत वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **जिबलाल स्वर्णकार**को नाममा मालपोत कार्यालय अर्घाखाँचीमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला खाँचीकोट गा.बि.स. वडा न. ०४ स्थित कि.न २३१५ र २२७३ क्षेत्रफल ७७०.२२(वर्ग मि.) र ४-१२-०-० (रोपनी) र अर्घाखाँची जिल्ला अर्घा गा.बि.स. वडा न. ०७ स्थित कि.न ३५१७, २२५८, २१६४ र २२५९ क्षेत्रफल क्रमश ०-९-०-०, ०-२-१-०, ०-२-२-३ र ०-२-१-० (रोपनी )को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।
२. डिलाराम सुनारको बुहारी, जिबलाल स्वर्णकारको पत्नी, अर्घाखाँची जिल्ला वाङ्ला गाँउ पञ्चायत वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क नं.पा. वडा न.-.०१, बस्ने **पार्वता स्वर्णकार**को नाममा मालपोत कार्यालय अर्घाखाँचीमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला अर्घा गा.बि.स. वडा न. ०७ स्थित कि.न १०५२ क्षेत्रफल ०००८० (वर्ग.मि) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।
३. दलविर सुनारको नाती, टिकाराम सुनारको छोरा, अर्घाखाँची जिल्ला वाङ्गला गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल अर्घाखाँची जिल्ला सन्धिखर्क न.पा. वडा नं. ०१ बस्ने **डिलाराम सुनार**को नाममा मालपोत कार्यालय अर्घाखाँचीमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला अर्घा गा.बि.स. वडा न. ०७ स्थित कि.न २८४६ क्षेत्रफल ०-१-०-१ (रोपनी) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**ऋणीको नाम र ठेगाना** (**शाखा कार्यालय पाताभार**)

प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गुलरीया, बर्दिया उद्योग, दर्ता नं.७८६/२०५७ (०७७/०७८) मिति २०७७/१०/१५, आन्तरिक राजस्व विभाग स्थायी लेखा नम्बर ६१४९८५२२१ मिति २०७७/१०/१६ मा दर्ता भई बर्दिया जिल्ला राजापुर - ५ स्थित **सुन्तली खाजा नास्ता घर**

**प्रोप्राइटरको विवरण** : बेझवा थारुको बुहारी, सोहन लाल थारुको पत्नी, बर्दिया जिल्ला बदालपुर गा.वि.स वडा नं. ८ स्थायी ठेगाना भई बर्दिया जिल्ला राजापुर न.पा वडा नं. ५ बस्ने राम मोति थारु (ना.प्र.नं.१५२७०, बर्दिया, जारी मिति : २०६०/०९/१२)

**व्यक्तिगत धनजमानी तथा धितो जमानी दिनेको विवरण**

नरैना थारुको नाती, कालु थारुको छोरा, बर्दिया जिल्ला बदालपुर गाउँ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई बर्दिया जिल्ला राजापुर न.पा वडा नं. ५ बस्ने बेझवा थारु (ना.प्र.नं.११/६०१, बर्दिया जारी मिति : २०४४/१२/२४)

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

नरैना थारुको नाती, कालु थारुको छोरा, बर्दिया जिल्ला बदालपुर गाउँ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई बर्दिया जिल्ला राजापुर न.पा वडा नं. ५ बस्ने **बेझवा थारुको** नाममा मालपोत कार्यालय राजापुर बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला बदालपुर गा.बि.स.वडा न. ९ स्थित कि.न ७३२/७७१ को क्षेत्रफल ०-५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत।

**– जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सचना प्रकाशित गरिएको हो।**

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.

केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-५१५५०२/५१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np



## रुरुक्षेत्र गाँउपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
**रुरु प्राथमिक स्वास्थ्य केन्द्र**
**रुरुक्षेत्र -१ रिडी, गुल्मी लुम्बिनी प्रदेश, नेपाल**

## आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) ले उत्पादन कम्पनीको आधिकारिक पत्र (Authorization Letter) सहित सूचीकृत हुन र सिलबन्दी दररेट पेश गर्ने बारेको सूचना !!

प्रथम पटक प्रकाशित मिति : २०८२/०७/२०

यस रुरु प्राथमिक स्वास्थ्य केन्द्र, रुरुक्षेत्र ०१ गुल्मीको प्रयोगशालाको उपकरणमा प्रयोग हुने केमिकल, रिएजेन्टलगायत अन्य प्रोप्राइटरी मालसामान ( Close Items) को रुपमा आ.व. २०८२/८३ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनीका आधिकारिक बिक्रेताको सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ ( ग ) एवं नियमावली २०६४ को नियम ८५ ( ३) बमोजिम सुचिकृत हुन चाहने इच्छुक कम्पनी /फर्महरुले नबिकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र सम्बन्धित कम्पनीको आधिकारिक बिक्रेताको प्रमाणपत्र र पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु सहित उल्लेखित उपकरणहरुमा प्रयोग हुने एक्सरे फिलिम,केमिकल लगायत अन्य प्रोप्राइटरी मालसामान आदिको दररेट सहितयो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र समय दिउसोको १२.०० बजे भित्र उक्त दिन सार्वजनिक बिदा भएमा सोको भोलि पल्ट तोकिएको समय भित्र सुचिकृत हुन यो सुचना प्रकाशन गरिएको छ। उल्लेखित सामान आपूर्ति गर्ने एक भन्दा बढी सोहि कम्पनीका आधिकारिक विक्रेताको दररेट पेश हुन आएमा कम दररेट कबोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरि सामान आपूर्तिको व्यवस्था गरिनेछ।

| क्र.श | उपकरणको नाम | कैफियत |
|---|---|---|
| 1 | Sodium Potassium Electrolyte Analyser :- Caretium XI- 931 T | ( प्रयोगशालातर्फ )<br>उल्लेखित प्रयोगशालाको उपकरणमा प्रयोग हुने केमिकल, रिएजेन्ट लगायत अन्य सहायक सामग्रीहरु |
| 2 | Automated Hematology Analyser :- GenuriKTO3A | |
| 3 | Fluorescence Immuno Assay (FIA) Analyser :-Fine Care TM FIA meter III Plus ( Fs-205 ) | |
| 4 | Semi-biochemistry Analyzer (Beacon ):-Vcemnext | |
| | | रेडियोलोजी विभागतर्फ )<br>उल्लेखित एक्सरे मेशिनमा प्रयोग हुने Dry film |
| 1 | Dry film for DR system ( hu.q) 8"*10" , 10"*12" | |

दरखास्त दस्तुर रु ५०० अक्षरुपी पाँच सय रुपैयाँ लाग्नेछ।

**शर्तहरु**

१. दरभाउपत्रमा दर रेट अंङ्क र अक्षर दुबैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्ने छ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ। कमरेट भएको ठाँउमा दस्तखत हुनुपर्ने छ।
२. प्राथमिक स्वास्थ्य केन्द्र सम्म आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु व्यवसायीले स्वयम्ले व्यहोर्नुपर्ने छ।
३. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा स्थगन गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

**डा. श्रुतासन ज्ञवाली**
**कार्यालय प्रमुख**



## शितगंगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**ठाडा, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

प्रकाशित मिति :२०८२/७/२०

यस कार्यालयबाट मिति २०८२/६/२ गतेको दैनिक पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा विद्युतीय खरिद प्रणाली बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सवैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्र स्वीकृत भएको बोलपत्र दाताको नाम | ठेगाना | स्वीकृत रकम (मु अ कर सहित) |
|---|---|---|---|---|
| ३ (नि.१) -२०८२/०८३ | चाक्ला हर्रे पाकुरी धानखोला सडक स्तरोन्नती | कुष्मा निर्माण सेवा | गढवा गा.पा. १ दाङ | ६६४७३००.३७ |
| ४ (नि.२) -२०८२/०८३ | हर्रे लौरी लामाताल सडक स्तरोन्नती | शान्तीपुन्ज विल्डर्स प्रा.लि. | छत्रदेव गा.पा. ३ अर्घाखाँची | ३१२३५६०.३२ |
| ५ (नि.३) -२०८२/०८३ | वडा कार्यालय भवन निर्माण शिनपा ५ | रिर्माकेवल विल्डर्स प्रा.लि. | थापाथली काठमाण्डौं | ४३९५४७५.१२ |

प्रमुख प्रशासकीय अधिकृत

## सत्यवती मेलाः

# करिब तीन लाख भक्तजनले चिच्चाएर बर मागे

कृष्ण पोखरेल
पाल्पा

पाल्पाको सत्यवतीमा चिच्चाएर बर माग्ने धार्मिक मेला लागेको छ। सत्यवती बजैले कान नसुन्ने भएकोले चिच्चाएर बरदान माग्नु परेको बुढापाकाको भनाइ रहेको छ। सत्यवती बजैसँग चिच्चाएर मागेको बरदान पूरा हुने भन्दै निकै टाढा-टाढाबाट भक्तजनहरु मन्दिरमा पुग्ने गरेका छन्। सत्यवती बजैसँग रातिमा मात्र चिच्चाएर बरदान माग्ने प्रचलनलाई आजकल दिउँसोमा पनि माग्ने गरिएको छ।

सत्यवती मन्दिरको किनारमा ताल रहेकोले भक्तजनहरुले तालको वरिपरि घुम्दै चिच्चाएर बरदान माग्ने गर्दछन्।

सत्यवती मन्दिर नजिकै तालमा कार्तिक शुल्क चतुरदर्शीको दिन सत्यवती बजैलाई सम्झेर बाँसको लिङ्गो गाडी चिच्चाएर बरदान माग्ने र अर्को दिन बिहान उज्यालो नहुँदै पूर्णिमाको दिन गाडेको लिङ्गो उठाएर घरमा ल्याउने प्रचलन रहँदै आएको छ।

तर केही वर्षदेखि कार्तिक शुक्ल एकादशी हरिबोधनी एकादशीदेखि पूर्णिमासम्म दिनरात मेला लाग्दै आएको छ। सत्यवती बज्यै धार्मिक मेलामा करिब तीन लाख भक्तजनहरु आइ चिच्चाएर बर मागेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष दानबहादुर गाहाले बताए।

भक्तजनले मागेका कुराहरु सत्यवती बजैले पूरा गरिदिने जनविश्वासको आधारमा राँगा, कुखुरा, हाँस, बोकाको बली दिने, त्यत्तिकै जंगलमा छाडिदिने प्रचलन रहँदै आएको छ।

सत्यवती मन्दिरमा चिच्चाएर बरदान माग्न पाल्पा, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, नवलपरासी, कास्की, चितवन, दाङ, पर्वत बाग्लुङ, म्याग्दीका साथै भारतको गोरखपुर, लखनउलगायतका क्षेत्रबाट भक्तजनको ओइरो नै लाग्ने गरेको छ। सिद्धार्थ राजमार्ग तानसेन-बुटवल सडक खण्डको झुम्सा पानी मिलबाट करिब १ घण्टाको उकालो पैदल दुरी पार गरी सत्यवती मन्दिरमा पुग्न सकिन्छ। सत्यवती बजैको मन्दिर पुग्ने भक्तजनहरुको भिडभाडले पाल्पा-बुटवल सडक खण्डको झम्सा क्षेत्रमा दुई दिनसम्म ५ घण्टासम्म सडक जाम भएको भक्तजनहरुले बताएका छन्।

परम्पराकालमा रातिमा मात्र दर्शन गर्ने प्रचलन परिमार्जन हुँदै आजकल दिउँसो र राति दुवै समयमा पूजाआजा गर्ने र बर माग्ने प्रचलन सुरु भएको हो।





# सरकारका नाममा कारण देखाउ आदेश




बुटवल। सर्वोच्च अदालतले गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगविरुद्ध दायर भएको रिट निवेदनमा कारण देखाउ आदेश जारी गर्दै लिखित जवाफ माग गरेको छ।

कामु प्रधानन्यायाधीश हरिप्रसाद फुयाल र न्यायाधीश अब्दुल अजीज मुसलमानको संयुक्त इजलासले सोमबार जारी गरेको आदेशमा लिखित जवाफ माग गर्दै कारण देखाउ आदेश जारी गरेको हो।

"यसमा मिति २०८२/०६/०५ मा गठन भएको जाँचबुझ आयोगका अध्यक्ष वा सदस्यले के, कुन उद्देश्य र आसयसहित निवेदनसाथ पेस भएका निजहरुका धारणाहरु सार्वजनिक भएका हुन भन्ने सम्बन्धमा निजहरुको लिखित जवाफमा खुल्ने नै देखिँदा तथा जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) बमोजिम गठन भएको देखिन्छ", आदेशमा भनिएको छ-"जाँचबुझ आयोगको निवेदकको प्रकृति र क्षेत्राधिकारलाई हेर्दा आयोगका पदाधिकारीहरुले जाँचबुझ गर्नुपर्ने विषयमा अग्रीम धारणा व्यक्त गरेको भएमा संविधानको धारा २०(९) को प्रयोग र अभ्यासको सम्बन्धमा के, कस्तो असर पर्दछ तथा प्राकृतिक न्यायको सिद्धान्तअनुसार कुनै छानबिन, जाँचबुझ तथा प्रशासकीय वा न्यायिक प्रकृतिको कार्य गर्दा पूर्वधारणा व्यक्त गरेको अवस्थामा पूर्वाग्रहको सिद्धान्त आकर्षित हुने हो वा होइन धारणा निर्माण गर्न आवश्यक देखिएको छ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेतलाई विपक्षी बनाई सो आयोगविरुद्ध विपिन ढकालले दायर गरेको उक्त रिट निवेदनमा पूर्वाग्रही र विषयवस्तुबारे तटस्थ नभएको भन्ने उल्लेख छ।

आदेशमा भनिएको छ-"अदालतले इजलाससमक्ष अन्तरिम आदेश जारी गर्ने/नगर्ने सम्बन्धमा पेस भएको देखिँदा प्रस्तुत विषयको अन्तरवस्तु हेर्दा अन्तरिम आदेश माग गरेको विषय पूर्ण सुनुवाइबाट निरुपण गर्नुपर्ने प्रकृतिको देखिएकाले निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गरिरहन परेन।"

उक्त घटनामा छानबिन गर्न गठित जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहित सदस्यहरू विज्ञानराज शर्मा र विश्वेश्वरप्रसाद भण्डारीविरुद्ध सो रिट निवेदन दायर भएको थियो।

## अर्बन मोटर्सको बुटवलमा नयाँ शोरूम उद्घाटन :

# लीपमोटर बी १० सार्वजनिक

बुटवल। बुटवलमा लीपमोटरको आधिकारिक डिलर अर्बन मोटर्स प्रालिले लीपमोटर बी १० बिक्रीका लागि सार्वजनिक गरेको छ। बुधबार कालिका चोक, वडा नं. ११, बुटवलमा आफ्नो नयाँ डिलरशिप शोरूम उद्घाटन गर्द लीपमोटरको नयाँ बि १० पनि सार्वजनिक गरिएको सञ्चालक सिम्स थापाले जनाए।

यो नेपालमा लीपमोटर सवारी साधनहरूको एकमात्र वितरक सांग्रिला मोटर्स प्रा.लि.को वितरकत्वअन्तर्गत पश्चिमी नेपालमा लीपमोटरको उपस्थितिलाई सुदृढ पार्ने एउटा महत्त्वपूर्ण कदम रहेको अर्का सञ्चालक रोशन ज्ञवालीले जनाए।

नयाँ शोरूमले बिक्री, सेवा, स्पेयर पार्ट्सको सुविधा, टेस्ट ड्राइभ अवसरका साथे कस्टमर सपोर् सेवा उपलब्ध गराउने उनको भनाइ छ।

उद्घाटन कार्यक्रममा विशेष अतिथिहरू, मिडिया प्रतिनिधिहरू र अटोमोटिभ समुदायका विशिष्ट सदस्यहरूको उपस्थिति रहेको थियो। यो विस्तारसककगे अर्बन मोटर्सले यस क्षेत्रका ग्राहकहरूका लागि लीपमोटरको उन्नत ईभी प्रविधि र भरपर्दो आफ्टर-सेल्स सेवा अझै पहुँचयोग्य बनाउने लक्ष्य राखेको कम्पनीले जनाएको छ। लीपमोटर बी १० ले स्मार्ट सुविधाहरु, सुरक्षा र आधुनिक डिजाइनको संयोजन गरेको, ६७ दशमलव १ केडब्लुएच एलएफपि ब्याट्रीद्वारा सञ्चालित रहेको र जसले ६०० किलोमिटरसम्म सिएलटिसी प्रमाणित दायरा र सहज प्रदर्शनको लागि १६० के डब्लु मोटर प्रदान गर्ने सांग्रिला कम्पनीका सञ्चालक जय गोल्छाले जनाए। उनका अनुसार यो कारमा AI-संचालित ककपिट, OfA अपडेटहरू र उन्नत ड्राइभर असिस्टेन्स प्रणाली जस्तै लेन असिस्ट, आपतकालीन ब्रेकिङ र ३६० क्यामेरा जस्ता सुविधाहरू रहेको उनको भनाइ छ।




कम्पनीका अनुसार लीपमोटर बी १० दुई भेरियन्टमा उपलब्ध छ लाइफ, ५५ लाख (अफर मूल्यः रु. ४९.९९ लाख) र डिजाइन, रु. ६० लाख (अफर मूल्य रु. ५६.९९ लाख) । बुटवलका ग्राहकहरूले अब अर्बन मोटर्सको शोरूममा गएर लीपमोटर बी १० र लीपमोटर का अन्य विद्युतीय सवारी साधनहरूबारे जानकारी लिन सक्ने जनाएको छ। बुटवलमा लिपमोटरसँगै सिट्रोनका गाडीहरू पनि बिक्री भइरहेको रितेश शाक्यले जनाए। यसको नेपालको मुख्य कम्पनी सांग्रिला रहेको र बुटवलमा अर्बनले लिपमोटरको नाममा बिक्रीवितरण थालेको उनको भनाइ छ।




# KAWASOTI MUNICIPALITY

## OFFICE OF THE MUNICIPAL EXECUTIVE

### GANDAKI PROVINCE, NEPAL

## Invitation for Bids

First Date of Publication:2082/06/31
Second Date of Publication: 2082/07/20

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the followingconstruction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT& contingency including PS) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/KM/SQ/ WORKS/ 2082/83 | Govinda Sapkota ko Ghar Dekhi Dakshin Shanti Tol Jodne Batoma Interlocking Block Lagaune Kaam, Wada No. 8 | 12,97,355.09 | 2025/08/04 up to 12:00 noon | 75 days | 35,000/- | 1,000.00/- |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com